बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प.सं — २०७८/०७९
च.नं - ५१

प्रदेश नं. १, नेपाल
मितिः २०७८/०६/१५

विषयः सूचना पठाइएको सम्बन्धमा।

श्री सबै वडा कार्यालयहरु
बेलका नगरपालिका, उदयपुर।

प्रस्तुत विषयमा बेलका नगरपालिकाको मिति २०७८/०६/१० गतेको नगर कार्यपालिकाको निर्णयानुसार वन, वातावरण तथा विपद व्यवस्थापन समितिको तर्फबाट मिति २०७८/०६/१५ गते जारी भएको सूचना यसै पत्रसाथ संलग्न राखि पठाइएको छ। उक्त सूचनावाट आवश्यक जानकारी प्राप्त गरी कार्यान्वयन समन्वय र सहयोग गर्नुहुन अनुरोध छ।

चेतनाथ गौतम
शाखा अधिकृत

वोधार्थः
श्री ईलाका प्रहरी कार्यालय, रामपुर उदयपुरः आवश्यक समन्वय तथा सहयोगका लागि अनुरोध छ।
श्री सशस्त्र प्रहरी वल वेश क्याम्प, डुँडखोलाः आवश्यक समन्वय तथा सहयोगका लागि अनुरोध छ।
श्री सव डिभिजन वन कार्यालय, रामपुरः आवश्यक समन्वय तथा सहयोगका लागि अनुरोध छ।
श्री सव डिभिजन वन कार्यालय,मैनामैनीः आवश्यक समन्वय तथा सहयोगका लागि अनुरोध छ।
श्री सव डिभिजन वन कार्यालय,तपेश्वरीः आवश्यक समन्वय तथा सहयोगका लागि अनुरोध छ।



Scanned with CamScanner

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प.सं -- २०७८/०७९
च.नं -

प्रदेश नं. १, नेपाल
मिति: २०७८/०६/१५

## सूचना

विषय: नदीजन्य पदार्थको आन्तरिक खपत व्यवस्थापन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा बेलका नगरपालिका अन्तर्गत रहेका प्रारम्भिक वातावरणीय परीक्षण भई स्वीकृत भएका खोला तथा नदीहरु मध्येबाट वडा कार्यालयले तोके बमोजिमका खोला/नदी, क्षेत्र, मिति तथा समय भित्र नगरभित्रको व्यक्तिगत तथा विकास आयोजनाहरुको आन्तरिक आवश्यकता परिपूर्ती गर्ने प्रयोजनका लागि मात्र नगर कार्यपालिकाको मिति २०७८/०६/१० गतेको निर्णय बमोजिम मिति २०७८/०६/१६ गतेबाट तपशिल बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा व्यवस्थापन गर्न गराउनहुन अनुरोध छ।

तपशिल

व्यक्तिगत उपयोगका लागि:

१. निर्माण हुने संरचनाको विवरण खुलेको टोल विकास संस्थाको सिफारिस
२. वडा कार्यालयको सिफारिस (संवन्धित व्यक्ति स्वयम् उपस्थित भई सिफारिस लिनुपर्नेछ)
३. बेलका नगरपालिकाको आर्थिक ऐन, २०७८ ले व्यवस्था गरे वमोजिमको कर राजस्व दस्तुर दाखिला गरेको भौचर

नगर भित्र सञ्चालित विकास आयोजनाका लागि:

१. उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यकालागि आवश्यक सामाग्रीको हकमा उपभोक्ता समितिको निर्णय
२. वडा कार्यालयको सिफारिस
३. बेलका नगरपालिकाको आर्थिक ऐन, २०७८ ले व्यवस्था गरे वमोजिमको कर राजस्व दस्तुर दाखिला गरेको भौचर

पुनश्च:

- आवश्यक कागजात राजस्व दाखिला भौचर विना नदीजन्य पदार्थ उत्खनन् संकलन् र ओसारपसार गरेको पाईएमा पहिलो पटक प्रति ट्रयाक्टर रु. पाच हजार जरिवाना र प्रति टिप्पर रु. दश हजार जरिवाना गरी संकलन वा ओसारपसार गरेको सामग्री जफत गरिनेछ।
- दोस्रो पटकको हकमा जरिवाना रकम दोव्वर गरी सामग्री जफत गरिनेछ।
- तेस्रो पटकको हकमा सवारी र सामग्री जिल्ला अनुगमन समितिसमक्ष बुझाईनेछ।
- कुनै व्यवसायी वा सवारी धनीले व्यक्तिगत उपभोगका लागि नभई मौज्दात गर्ने मनसायले नदीजन्य सामाग्री संकलन तथा मौज्दात गरेको पाइएमा मौज्दात गरेको सामाग्री जफत गरी मौज्दात सामाग्रीको परिमाणमा लाग्ने सत प्रतिशत राजश्व असुल गरिनेछ।

वसुन्धरा मगर
संयोजक
वन, वातावरण तथा विपद व्यवस्थापन समिति

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113, 430117,430116, 9852835479

Scanned with CamScanner